# नेपाल नागरिक उड्डयन प्राधिकरण
## त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालय,गौचरको
## पुनः शिलवन्दी वोलपत्र आव्हानको सूचना

(सूचना प्रकाशित मिति २०७६।०३।२५)

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवनको प्रस्थान तर्फ भुँई तल्लाको बाहिर पट्टि ९.७५ वर्ग मिटर क्षेत्रफल भएको सटरमा Gift Shop संचालन गर्नको लागि मिति २०७६।०२।१५ गतेको गोरखापत्र दैनिकमा सूचना प्रकाशन गरिएकोमा कुनै पनि बोलपत्र खरिद तथा दर्ता हुन नआएको हुँदा पुनः निम्न शर्तहरुको अधिनमा रही बोलपत्र फाराम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि पुनः यो सूचना प्रकाशित गरिएको ।**

**शर्तहरुः-**

१. यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र राष्ट्रिय वाणिज्य वैक गौचर शाखामा रहेको यस कार्यालयको हि.न. ५८ मा पसलको लागि रु.३,०००।- (तीन हजार मात्र) र सो रकममा लाग्ने मू.अ.कर समेत जम्मा गरी (पछी फिर्ता नहुने) सो को सक्कल भौचर यस कार्यालयको राजश्व शाखामा पेश गरी प्राप्त रसिद *(Tax Invoice)*, नविकरण सहितको फर्म दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र सहित निवेदन पेश गरी यस कार्यालयको कर्पोरेट महाशाखाबाट वोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२. वोलपत्रसाथ रजिस्टर्ड फर्म/कम्पनी दर्ता प्रमाण पत्र (नविकरण सहित), सम्वन्धीत निकायवाट व्यवसाय संचालन गर्ने अनुमती प्राप्त इजाजत पत्र, *VAT/PAN* दर्ता प्रमाण पत्र, आ.ब.०७४।७५ को करचुक्ता प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपी, व्यवसाय संचालन गर्ने काम कारवाहीमा भाग लिन अयोग्य नभएको र आफूले यस सम्वन्धमा सजाय नपाएको वा कालोसूचीमा नपरेको भनी लिखित रुपमा गरेको स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ ।

३. ठेक्का अवधि ३ बर्षको हुनेछ । उक्त ३ बर्ष अवधिको न्युनतम ठेक अंक रु. ७३,६८,४७१।९२ (त्रिहत्तर लाख अठ्सठ्ठी हजार चार सय एकहत्तर रुपैयाँ पैसा बयानब्बे) कायम गरिएको छ ।

४. यस कार्यालयलाई तिर्न वुझाउनु पर्ने वाँकी वक्यौता भएका व्यक्ति हिस्सेदार भएको फर्म/कम्पनीले सो वक्यौता फछ्र्यौट नगरेको अवस्थामा त्यस्ता फर्म/कम्पनीहरुको वोलपत्र स्वीकृत गरिने छैन ।

५. वोलपत्रसाथ आफूले कवोल गरेको वहाल रकमको ५% ले हुने रकम रा.वा.वैंक गौचर शाखामा रहेको यस कार्यालयको धरौटी हि.नं ७० मा जम्मा गरेको सक्कल भौचर वा सो वरावरको रकम यस कार्यालयको नाममा 'क' वर्गको मान्यता प्राप्त वैकवाट जारी भएको ६ महिना अवधि भएको वैङ्क ग्यारेन्टी *(Bid Bond)* वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

६. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले ३० (तीस) औं दिनको कार्यालय समय भित्र खरिद गरी ३१ (एकतीस) औ दिनको १२:०० वजे भित्र यस कार्यालयको कर्पोरेट महाशाखामा दाखिला गरि सक्नु पर्नेछ । दाखिला हुन आएका बोलपत्रहरु सोही (३१ सौं) दिनको २:०० बजे सम्वन्धीत बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो दिन वोलपत्रदाताको तर्फवाट अख्तियारी पत्र सहित प्रतिनिधि उपस्थित हुनु पर्नेछ । वोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिती नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र खरिद गर्ने तथा दर्ता गरिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन सोही समयमा खरिद तथा दर्ता गरिनेछ ।

७. दाखिला गर्ने बोलपत्रको खाम शिलबन्दी गरी खाम वाहिर कुन विषयको वोलपत्र हो र कुन फर्म/कम्पनीले पेश गरेको हो सो स्पष्ट लेखी श्री कर्पोरेट महाशाखा त्रि.अ.वि.ना.उ.कार्यालय, गौचरलाई सम्बोधन गरी यस कार्यालयको कर्पोरेट महाशाखामा दर्ता गराउनु पर्नेछ ।

८. वोलपत्रको दररेट भर्दा अंक र अक्षर दुवैमा लेखिएको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. केरमेट भै नबुझिने गरी भरिएको बोलपत्र स्वीकार गरिने छैन ।

१०. विमानस्थल सेवा शुल्क नियमावलीमा फेरबदल भएमा सोही बमोजिमका सर्तहरु लागू हुनेछन ।

११. रित नपुगी वा म्याद नाघी वा शर्त राखी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

१२. प्राप्त हुन आएका बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३. वोलपत्रका अन्य शर्तहरु वोलपत्र फाराममा उल्लेख गरिएको छ ।

१४. यसमा नपरेका अन्य कुराहरु प्रचलित नियमानुसार हुनेछ ।

१५. यस सम्बन्धी अन्य कुरा बभ्नु परेमा यस कार्यालयको कर्पोरेट महाशाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।